

# अध्याय -७

## विश्वास गर्नेहरू श्याबास, तिनीहरू धन्य हुन्

यस अध्यायमा मुख्य पदहरूः यूहन्ना ८:५४-५८, उत्पत्ति १२:३, रोमी ४:१-५, यूहन्ना १२:१-८, यूहन्ना १९:४-२२, यूहन्ना २०:१९-३१, दानिएल २ र दानिएल ७।

_यस अध्यायको मूल सार पदः_ ***"येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।" यूहन्ना २०:२९।***

यूहन्नाको सुसमाचारभरि यूहन्नाले विभिन्न मानिसहरू देखा पारेकाछन्। तिनीहरूमा विभिन्न पृष्ठभूमि भएका मानिसहरू, विभिन्न धर्म, जाति, राष्ट्र र संस्कारका मानिसहरू र विभिन्न अनुभव भएकाहरू छन्। ती विविधताका मानिसहरूले येशू को हुनुहुन्छ भनेर अनेकौं गवाही दिएका थिए।

येशू एउटै हुनुहुन्छ तर फरक फरक मानिसहरूले उहाँलाई फरकै दृष्टिकोण वा आँखाहरूले हेरेका थिए र बुझेका थिए। येशूको बारेमा व्यक्त गरेका भावना वा मतहरू केही यहाँ प्रस्तुत गरिएका छन्: "परमेश्वरको बलिको पाठो हेर!" यूहन्ना १:३६; "हामीले मसीह भेट्टाएकाछौं।" यूहन्ना १:४१; "मोशाले भविष्यवाणी गरेको अनुसार आउनुभएको व्यक्तिलाई हामीले भेट्यौं।" यूहन्ना १:४५; "रब्बी (हे गुरु), तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ! तपाईं नै इस्राएलका राजा हुनुहुन्छ।" यूहन्ना १:४९; "के उहाँ नै ख्रीष्ट हुनुहुन्छ र?"

यूहन्ना ४:२९; "हामी आफैले उहाँलाई सुन्यौ र उहाँ ख्रीष्ट हुनुहुन्छ भनेर हामीले थाहा पायौं। उहाँ नै संसारको मुक्तिदाता हुनुहुन्छ।" यूहन्ना ४:४२। "स्वामी, हामी कसकहाँ जाने? तपाईंसँग नै अमर जीवन दिने वचनहरू छन्।" यूहन्ना ६:६८ रूपान्तरित; "तपाईं नै ख्रीष्ट हुनुहुन्छ भनेर म विश्वास गर्छु। तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ, जो यस संसारमा आउनुभएको छ।" यूहन्ना ११:२७; "खोइ, म त अन्धो थिएँ, तर अहिले देख्ने भएँ।" यूहन्ना ९:२५ रूपान्तरित; "तिमीहरूका राजालाई हेर!" यूहन्ना १९:१४; "उहाँमा त मैले केही दोषै देख्दिनँ।" यूहन्ना १९:६ रूपान्तरित; "मेरा प्रभु र मेरा परमेश्वर!" यूहन्ना २०:२८ रूपान्तरित।

***त्यसरी व्यक्त गरेका केही ती मानिसहरू को हुन्, र येशूको पहिचान गर्न तिनीहरूले ती भावनाहरू किन व्यक्त गरे?***

## १. अब्राहमतिर फर्किंदा

आफू को हुँ भनेर घोषणा गर्न येशू पछि पर्न चाहनुभएको थिएन न त लाजै मान्नुभएको थियो। आफू को हुँ भनेर साक्षी दिन तत्कालिन र विगतका व्यक्तिहरूलाई उहाँले उभ्याउनु भएको थियो। अब्राहमतिरै फर्केर उहाँले भन्नुभयो, "५४ "यदि मैले आफ्नै महिमा गरें भने मेरो महिमा व्यर्थै हुन्छ। मलाई महिमा दिने मेरा पिता हुनुहुन्छ, जसलाई तिमीहरू 'हाम्रा परमेश्वर' भन्दछौ। ५५ तिमीहरूले उहाँलाई चिनेका छैनौ, तर म उहाँलाई चिन्छु। म उहाँलाई चिन्दिनँ भन्छु भने म तिमीहरूसरह झूटा ठहरिनेछु। तर म उहाँलाई चिन्दछु, र उहाँको वचन पालन गर्दछु। ५६ तिमीहरूका पुर्खा अब्राहाम मेरो दिन देख्नलाई प्रफुल्लित भएका थिए, र तिनले देखे अनि रमाए।" ५७ यसकारण यहूदीहरूले उहाँलाई भने, "तिमी अझै पचास वर्ष पुगेका छैनौ, त के तिमीले अब्राहामलाई देखेका छौ?" ५८ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु।" ५९ तब तिनीहरूले उहाँलाई हान्न भनी ढुङ्गा टिपे, तर येशू लुकेर मन्दिरबाट बाहिर निस्किजानुभयो।" यूहन्ना ८:५४-५९।

**अब्राहमको साक्षी किन महत्त्वपूर्ण छ ताकि यूहन्नाले आफ्नो सुसमाचारको पुस्तकमा उल्लेख गरेका थिए?** हेर्नुहोस्: **"तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"** उत्पत्ति १२:३; "१६

तब ती पुरुषहरू त्यहाँबाट सदोमतिर हेर्न लागे। अब्राहाम उनीहरूसित अलि परसम्म बाटो देखाउन गए। १७ परमप्रभुले भन्नुभयो, “मैले गर्न लागेको काम के अब्राहामबाट लुकाएर राखूँ? १८ अब्राहामबाट एउटा ठूलो र शक्तिशाली जाति बन्नेछ, र त्यसद्वारा नै पृथ्वीका सबै जातिहरूले आशिष् पाउनेछन् १९ किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।” उत्पत्ति १८:१६-१९; "१ अब्राहामको समयमा परेको अनिकालबाहेक त्यस देशमा अर्को अनिकाल पनि पऱ्यो। तब इसहाक पलिश्तीहरूका राजा अबीमेलेककहाँ गरार देशमा गए। २ परमप्रभुले तिनीकहाँ देखा परेर तिनलाई भन्नुभयो, “मिश्रमा नजा, तर मैले तिमीलाई भनेकै ठाउँमा बस्नु। ३ त्यही ठाउँमा बसोबास गर्नु, र म तिमीसँग रहनेछु, र तिमीलाई आशिष् दिनेछु, किनकि मैले तिम्रो बाबु अब्राहामसँग शपथ हालेर दिएको प्रतिज्ञा म पूरा गरेर तिमीलाई र तिम्रा सन्तानलाई यी नै देशहरू दिनेछु। ४ तिम्रा सन्तानलाई आकाशका ताराहरूझैं बढ़ाउनेछु, र तिनीहरूलाई यी सबै देश दिनेछु। तिम्रै सन्तानहरूद्वारा संसारका सबै जातिहरूले आशिष् पाउनेछन्, ५ किनभने अब्राहामले मेरो वचन पालन गऱ्यो, र मैले दिएका आदेशहरू, मेरा आज्ञाहरू, मेरा नियमहरू र मेरा विधिविधानहरूको प्रतिपालन गऱ्यो।” उत्पत्ति २६:१-५; "१ अब्राहामका पुत्र, दाऊदका पुत्र, येशू ख्रीष्टको वंशावलीः २ अब्राहाम इसहाकका पिता थिए। इसहाक याकूबका पिता थिए, याकूब यहूदा र तिनका दाजुभाइहरूका पिता... " मत्ती १:१-२ र "२४ “शमूएलदेखि लिएर त्यसपछिका सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती सबले यिनै दिनहरूको घोषणा गरेका छन्। २५ तपाईंहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईंहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, ‘तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले आशिष् पाउनेछन्।’ २६ तपाईंहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईंहरूलाई आशिष् दिन भनी परमेश्वरले आफ्ना सेवकलाई खड़ा गर्नुभयो र सर्वप्रथम तपाईंहरूकहाँ पठाउनुभयो।” प्रेरित ३:२४-२६।

"प्रतिक र प्रतिज्ञाद्वारा परमेश्वरले अब्राहमको सामु सुसमाचार प्रस्तुत गर्नुभएको थियो (गलाती ३:८)। पूर्खा अब्राहमका विश्वास आउने मुक्तिदातामा आफ्ना आँखाहरू गाडेका थिए। येशूले उहाँको विरोध गर्ने यहूदी धर्मगुरुहरूलाई भन्नुभयो, 'तिमीहरूका पूर्खा अब्राहमले मेरो दिन हेर्न खुशी

भएका थिए र देखे पनि जसले गर्दा उनी रमाइलो मानेका थिए।' यूहन्ना ८:५६ रूपान्तरित। जुन भेंडा इसहाकको ठाउँमा बलि चढाइएको थियो त्यो परमेश्वरको पुत्रको प्रतिक थियो, जो हाम्रो ठाउँमा बलि हुने थियो। जब मानव प्राणीले परमेश्वरको दश आज्ञालाई उलङ्घन गर्छ तब उसलाई मृत्युको सजायँ घोषित गरिएको हुन्छ। तर परमेश्वर पिताले जब आफ्नो पुत्रलाई हेर्नुहुन्छ तब उहाँले पापीलाई यसरी हौशला दिनुहुन्छ, 'जीवित रहो, तिमीहरूको निम्ति मुक्तिधन पाइसकेको छ।'"-एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड द प्रोफेटस,* पृ. १५४।

यस संसारमा जन्मिने तर विश्वासद्वारा परमेश्वरको आवाजलाई स्वीकार गर्छन् तिनीहरू सबै जनाको पिता अब्राहम हो (हिब्रू ११:८, १७-१०)। प्रतिज्ञाको आफ्नै पुत्रलाई बलि दिन उनी तयार भएको (उत्पत्ति २२) अब्राहमले परमेश्वरप्रति आफ्नो आस्थालाई प्रमाणित गरेका थिए। यसमा मुक्तिको योजनाको झ्याल पनि खोलिदिएको छ।

जब येशूले, "तिमीहरूका पिता अब्राहमले मेरो दिन देख्न पाउँदा उनी खुशी भएका थिए" (यूहन्ना ८:५४) भनेर धार्मिक अगुवाहरूलाई भन्नुभयो तब तिनीहरूले उहाँको खिल्ली उडाएर भने, "तिमी त पचास वर्ष नै पुगेका छैनौं, कसरी तिमीले अब्राहमलाई देखें भन्छौ?' (यूहन्ना ८:५७)।

येशूको जवाफ चकित पार्ने खालको थियो, "साँच्चै म तिमीहरूलाई भन्दछु, अब्राहम हुनुभन्दा अघि म छु वा थिएँ।'" यूहन्ना ८:५८ रूपमान्तरित।

जलिरहेको झाङ्गमा परमेश्वरले मोशालाई गर्नुभएको सम्बोधनलाई येशूले याद दिलाउनुभएको थियो। आफ्नो स्व-अस्तित्वको बारेमा परमेश्वरले दावी गर्नुभएको थियो। "म हुँ" भनेर आफू सनातनदेखि रहिरहेको भनेर उहाँले मोशालाई स्पष्ट पार्नुभएको थियो। येशूले के भन्नुभएको थियो त्यसको आभास ती धर्मका अगुवा, पण्डित र शास्त्रीहरूले थाहा पाइसकेका थिए किनभने तिनीहरूले येशूलाई ढुङ्गामुढा गर्न तयार भएका थिए (यूहन्ना ८:५९)।

***अब्राहमले पनि मुक्ति भनेको केवल विश्वासबाट मात्र पाइन्छ भन्न् महान् सत्य ज्ञान पावलले पनि रोमी ४:१-५मा प्रयोग गरेका थिए। धर्मकर्म, विधिविधान, परम्परा र दश आज्ञा नै पालन गरेनर मुक्ति पाइन्दैन भन्ने उनको जिकिर थियो। पावलले व्यक्त गरिएको कथनमा अब्राहमने विश्वासमा अडिग भएर बसेका सबैका पिता हुनुहुन्छ भन्ने धारणालाई हामी कसरी बुझ्न सक्छौं? हेर्नुहोस्: "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने***

*केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।" रोमी ४:१-८।*

## २. मरियमको गवाही

निस्तार चाडको छ दिन अघि येशू मरियम, मार्था र तिनीहरूका भाइ लाजरसलाई भेट्न जानुभएको थियो। लाजरसलाई येशूले मृत्युबाट उठाउनुभएको थियो। आफूलाई येशूले के गर्नुभयो त्यसको सराहना गर्न कुष्ट रोगबाट निको भएको सिमोनले भोज मनाएको थियो। मार्थाले खानेकुरा बाँड्दै थिइन् र लाजरस पाहुनाहरूको साथमा खान बस्दै थिए (यूहन्ना १२:१-८)।

**त्यस भोजको खुशियालीमा मरियमले के गरिन् जसले गर्दा येशू को हुनुहुन्छ भनेर गवाही हुन पुगेको थियो? हेर्नुहोस्, "१ निस्तार-चाड़को छ दिनअघि येशू बेथानियामा आउनुभयो। त्यहाँ लाजरस बस्थे, जसलाई येशूले मृतकबाट जीवित पार्नुभएको थियो। २ तिनीहरूले उहाँको निम्ति त्यहाँ बेलुकीको भोजन तयार गरे। मार्थाले सेवा-टहल गर्थिन्, अनि लाजरसचाहिँ उहाँसँगै खान बस्नेहरूमध्ये एक जना थिए। ३ तब मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो।" यूहन्ना १२:१-३।**

येशूलाई प्रयोग गरेको सुगन्धित अत्तर धेरै महँगो थियो। त्यो सर्वसाधारण मजदुरको निम्ति कमसेकम एक वर्षको ज्याला थियो। आफ्नो पापलाई क्षमा दिनुभएको र आफ्नो भाइलाई बिउँताउनुभएको कारणले आभारित भइ त्यो व्यक्त गर्न मरियमले त्यो महँगो उपहार ल्याएको हुनुपर्छ। कुनै दिन येशूलाई गाड्ने समयमा प्रयोग गर्न त्यो अत्तर ल्याएको हुनुपर्छ। अनि येशू राजा घोषित गरिनुहुनेछ भन्ने हल्ला उनले सुनिन्। जेभएतापनि येशूलाई सम्मान गर्न व्यक्तिमा उनी पहिलो हुन खोजेकी हुनुपर्छ।

आफूले व्यक्त गरेको सराहनालाई कसैले थाहा नपाउन् भन्ने मरियमको चाहना होला, यूहन्नाले लेख्दछन्, "मरियमले आधा लिटर जति कीमती जटामसीको सुगन्धित अत्तर ल्याएर येशूका पाउमा मलिन्, अनि उहाँका पाउ आफ्ना केशले पुछिन्, र अत्तरको बास्नाले घर भरियो।" यूहन्ना १२:३। यहूदाले तुरन्तै उनलाई हप्कायो र भन्यो त्यो अत्तर बेचेर त्यसको पैसाले गरिबहरूलाई बाँड्न सकिन्थ्यो। त्यस अभिव्यक्तिले मरियमलाई असजिलो पारेको थियो। तर येशूले तुरन्तै आफ्नो भावना व्यक्त गर्नुभएर मरियमको कामको सराहना गर्दै उनलाई सजिलोमा पार्नुभएको थियोः "७ येशूले भन्नुभयो, “यिनलाई केही नभन, मेरो दफन-दिनको लागि यिनलाई त्यो राखिछोड्न देऊ। ८ किनभने गरीबहरू सधैं तिमीहरूसँग हुन्छन्, तर म त सधैं तिमीहरूसँग हुन्नँ।” यूहन्ना १२:७-८।

मानिसहरूको दिमागमा के खेलिरहेको छ सो येशूलाई थाहा छ भन्ने विषयवस्तु यूहन्नाको पुस्तकमा बराबर उल्लेख गरिएको छ (यूहन्ना २:२४,२५, यूहन्ना ६:७०,७१, यूहन्ना १३:११, यूहन्ना १६:१९। सिमोनको भोजमा सरिक हुनुभएका येशूले यहूदाको दिमागमा के चढिरहेको थियो सो उहाँलाई थाहा थियो। यहूदा त चोर, भ्रष्ट वा आफ्नो भलाइ मात्र खोज्ने हो भनेर यूहन्नाले नहिच्किच्याइ उल्लेख गर्दछन् (यूहन्ना १२:६)।

"मरेका येशूको शरिरमा सुगन्धित अत्तर पोत्न पनि भनेर किनिएको महँगो उपहार मुक्तिदाता जीवित छँदै खन्याइएको थियो। चिहानमा मुर्दालाई गाड्न प्रयोग गर्ने मिठो वास्ना भएको अत्तर केवल चिहानभित्रै गायब हुन्थ्यो। अब मरियमको विश्वास, स्नेह र मायाले येशूको हृदय गदगद भएको थियो। जब उहाँलाई मुद्दा चलाएर उहाँलाई अन्धकारको समयमा घचेटिएको थियो, तब उहाँले मरियमको कामको सम्झनालाई याद गर्नुभयो। उहाँका मुक्ति पाउनेहरूले भित्री हृदयदेखि इमान्दारी भएर पोखाएको प्रेम उहाँसँग सदाकाल रहनेछ।" *द डिजाएर अभ एजेज,* पृ. ५६०।

***मरियमको र यहूदाको हृदयमा के थियो सो येशूलाई थाहा थियो। तपाईंको हृदय, मति र नियतमा के छ सो उहाँलाई थाहा छ। येशू मात्र हाम्रो धार्मिकता हुनुहुन्छ त्यसकारण, हामीलाई उहाँको खाँचो छ जसले हामीलाई परिवर्तन गर्न र उहाँको प्रेमले हामीलाई ढाक्दछ भन्ने सत्यलाई तपाईंले के गर्नुहुन्छ?***

## ३. अनयाशमा गरिएको पिलातसको गवाही

येशूलाई सोधपुछ गरि मार्ने षडयन्त्र गरेका धार्मिक नेताहरूले उहाँलाई बराबर पक्रन खोजेका थिए भनेर यूहन्नाले आफ्नो विवरणमा प्रस्तुत गर्दछन्। आफ्नो समय आएको छैन भन्ने येशूले व्यक्त गर्नुभएको धारणा यूहन्नाले प्रायजसो उल्लेख गरेका छन्। त्यसको अर्थ उहाँलाई क्रूसमा टाँग्ने समय आएको छैन भन्न खोज्नुभएको थियो (यूहन्ना २:४, यूहन्ना ७:६,८,३०, यूहन्ना १२:७,२३,२७, यूहन्ना १३:१, यूहन्ना १७:१)।

अब त्यो क्षण आइपुगेको थियो। गेतसमनीको बगैंचामा येशूलाई पक्रेको थियो। उहाँलाई आनास, अनि त्यस समयको महापुजारी कैयाफाकहाँ र दुई पल्ट पिलातसकहाँ ल्याइएको थियो।

येशू नै ख्रीष्ट वा मसीह हुनुहुन्छ भनेर स्वीकार्न यूहन्नाले समाजका विभिन्न वर्गहरूलाई ल्याएका थिए। अब बडा हाकिम पिलातसले नै येशूको बारेमा भन्न यूहन्नाले उनलाई ठाउँ दिन्छन्। उहाँको बारेमा पिलातसले जे भने त्यो अत्यन्तै महत्त्वपूर्ण साक्षी थियो। पिलातस रोमी सरकारको प्रतिनिधित्व गर्ने बडा हाकिम र न्यायधिस थिए। अहिलेसम्म येशूको बारेमा गवाही दिने प्रायजसो यहूदी र सर्वसाधारणहरू थिए।

**अब पिलातसले येशूको बारेमा आफ्नो फैसला सुनाउँछन् जुन यूहन्नाको सुसमाचारको विषयसँग मिल्दछ। हेर्नुहोस्, " पिलातसले उहाँलाई सोधे, "सत्य के हो?" यति भनेर उनी यहूदीहरूकहाँ बाहिर निस्केर गए, र तिनीहरूलाई भने, "म यिनमा केही दोष भेट्टाउँदिनँ।" यूहन्ना १८:३८ र " १ तब पिलातसले येशूलाई लगेर कोर्रा लाउन लाए। २ अनि सिपाहीहरूले काँढ़ाको मुकुट गाँथेर उहाँको शिरमा लगाइदिए, र उहाँलाई बैजनी रङ्गको वस्त्र पहिराइदिए, ३ र उहाँको नजिक आएर भने, "प्रणाम, यहूदीहरूका राजा!" अनि तिनीहरूले उहाँलाई थप्पड़ लाए। ४ फेरि बाहिर निस्केर पिलातसले तिनीहरूलाई भने, "हेर, म यिनलाई तिमीहरूकहाँ बाहिर ल्याइरहेछु, र तिमीहरूलाई जनाउन चाहन्छु, म यिनमा केही दोष पाउँदिनँ।" ५ तब काँढ़ाको मुकुट र बैजनी रङ्गको वस्त्र पहिरिएका येशू बाहिर आउनुभयो, र पिलातसले तिनीहरूलाई भने, "हेर, यो मानिस!" ६ जब मुख्य पूजाहारीहरू र पहरेदारहरूले उहाँलाई देखे, तिनीहरू यसो भन्दै चिच्च्याउन लागे, "त्यसलाई क्रूसमा टाँग्नुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले नै यिनलाई लगेर क्रूसमा टाँग, किनभने म यिनमा केही दोष पाउँदिनँ!" ७ यहूदीहरूले उनलाई जवाफ दिए, "हाम्रो एउटा व्यवस्था**

छ, र त्यस व्यवस्थाअनुसार यो मर्नैपर्छ, किनकि यसले आफैलाई परमेश्वरको पुत्र तुल्याएको छ।" ८ यो कुरो सुनेर पिलातस झन् डराए। ९ उनी फेरि महलभित्र पसे र येशूलाई सोधे, "तिमी कहाँका हौ?" तर येशूले उनलाई केही जवाफ दिनुभएन। १० यसकारण पिलातसले उहाँलाई भने, "के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?" ११ येशूले जवाफ दिनुभयो, "तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ।" १२ त्यसपछि पिलातसले उहाँलाई छोडिदिन बढ़ी प्रयत्न गरे। तर यहूदीहरू यसो भन्दै कराए, "यदि तपाईंले यस मानिसलाई छोडिदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुन्न। आफैलाई राजा हुँ भनी दाबी गर्ने प्रत्येक कैसरको विरुद्धमा खड़ा हुन्छ।" १३ पिलातसले यी कुरा सुनेर येशूलाई बाहिर ल्याए, र उनी "ढुङ्गाका पाटी" भनिने ठाउँमा (जसलाई हिब्रूमा गब्बथा भनिन्छ) न्याय आसनमा बसे। १४ त्यस समय निस्तार-चाड़का तयारीको दिन थियो। दिउँसोको करीब बाह्र बजेको थियो। पिलातसले यहूदीहरूलाई भने, "हेर, तिमीहरूका राजा!" १५ तर तिनीहरू यसो भन्दै चिच्च्याए, "लैजानुहोस्, लैजानुहोस्, त्यसलाई क्रूसमा टाँग्नुहोस्!" पिलातसले तिनीहरूलाई सोधे, "के म तिमीहरूका राजालाई क्रूसमा टाँगूँ?" मुख्य पूजाहारीहरूले जवाफ दिए, "कैसरबाहेक हाम्रो अरू राजा छैन।" १६ तब उनले उहाँलाई क्रूसमा टाँग्न तिनीहरूका हातमा सुम्पिदिए। यसकारण सिपाहीहरूले येशूलाई जिम्मा लिए। १७ उहाँ आफ्नो क्रूस आफै बोकेर खप्परे भनिने ठाउँमा जानुभयो, जसलाई हिब्रूमा गलगथा भनिन्छ। १८ त्यहाँ तिनीहरूले उहाँलाई क्रूसमा टाँगे र उहाँसँग अरू दुई जनालाई टाँगे, एक जनालाई एकापट्टि र अर्कालाई अर्कोपट्टि, अनि माझमा येशूलाई। १९ पिलातसले एउटा दोष-पत्र पनि लेखे, अनि क्रूसमाथि टाँसिदिए। त्यसमा यही लेखिएको थियो, "नासरतको येशू, यहूदीहरूको राजा। " २० अब धेरै यहूदीहरूले यो दोष-पत्र पढ़े, किनभने येशू क्रूसमा टाँगिनुभएको ठाउँ सहरको नजिकै थियो। यो हिब्रू, ल्याटिन र ग्रीक भाषामा लेखिएको थियो। २१ यहूदीहरूका मुख्य पूजाहारीहरूले पिलातसलाई भने, " 'यहूदीहरूका राजा' भन्ने होइन, तर 'यसले म यहूदीहरूका राजा हुँ भन्यो' भनी लेख्नुहोस्।" २२ पिलातसले जवाफ दिए, "मैले जे लेखें, लेखें।" यूहन्ना १९:१-२२।

येशूलाई पिलातसकहाँ शुक्रबार बिहानै लगिएको थियो (यूहन्ना १८:२८)। बन्धक बनाइएका येशूलाई रिहा गर्ने पिलातसको योजना थियो। तर येशूका विद्रोहीहरूले बुलन्द आवाज निकालेर पिलातसको ध्यान खिँचे। बडाहाकिमले येशूलाई नजिकैबाट प्रश्न गरे र उहाँकै ओठबाट यो सुने, " ३७ पिलातसले उहाँलाई सोधे, "के तिमी राजा नै हौ त?" येशूले जवाफ दिनुभयो, "म राजा हुँ भनी तपाईं नै भन्नुहुन्छ। यसैको निम्ति म जन्मेको हुँ, र यसैको निम्ति सत्यको गवाही दिन म यस संसारमा आएको हुँ। प्रत्येक जो सत्यको पक्षमा छ, त्यसले मेरो सोर सुन्छ।" यूहन्ना १८:३७।

आखिरमा पिलातसले येशूलाई मृत्युदण्डको सजायँ सुनाएतापनि उनले तीन पल्ट उहाँ निर्दोष हुनुहुन्छ भनेर भिडलाई सुनाएका थिए (यूहन्ना १८:३८, १९:४,६)। अनि क्रूसमाथि यो सूचना टाँसिदिए, "नाजरथका येशू, यहूदीहरूका राजा।" (यूहन्ना १९:१९)। येशू को हुनुहुन्छ भन्ने उनको अन्तिम फैसला वा गवाही थियो। उहाँ निर्दोष त हुनुहुन्छ तैपनि आफ्नो पदको सुरक्षा गर्न येशूलाई मृत्युदण्डको फैसला सुनाए।

पिलातसकै सामु सत्य आफै उभिरहनुभएको थियो, तैपनि विद्रोही भिडले उनको आत्मनिर्णयलाई थिचे। त्यसकारण, येशूलाई मृत्युदण्ड दिन यहूदी धर्मका गुरुहरूले नै उनलाई वाध्य पारे। यो कस्तो दुःखलाग्दो छ कि आफ्नो विवेक र हृदयले देखाएका ठिक कुरालाई मान्न नसक्ने मानिसको आत्मनिर्णय!

**लोकप्रिय र बहुमतको भावनालाई नमान्नु कतिको खतरा छ भनेर पिलातसको उदाहरणले हामीलाई के सिकाउँछ? ठिक भनेर थाहा पाउँदा पाउँदै पनि समाज, बहुमत, साथी र आफन्तहरूको दवावलाई मानेर गलत दिशामा हामी नलाग्न कसरी सजग हुने?**

## ४. थोमाको गवाही

**यूहन्ना २०:१९-३१ पढ्नुहोस्। थोमाको विश्वास र सन्देहको बारेमा हामी के सिक्न सक्छौं? थोमाले के मुख्य भूल गरेका थिए? हेर्नुहोस्, " १९ त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २० यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू**

अति खुशी भए। २१ तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। २३ जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन। २४ येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। २५ यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।" २६ आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २७ तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औंला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।" २८ थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर!" २९ येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।" ३० येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" यूहन्ना २०:१९-३१।

त्रासले थुरथुर काँपिरहेका चेलाहरू बन्द कोठामा थिए। येशू पुनरुत्थान भएपछि उहाँ अचानक बन्द कोठामै देखा पर्नुभयो। तिनीहरूको बिचमा थोमा थिएन। पछि येशूको पुनरुत्थानको बारेमा अरू चेलाहरूबाट उनले सुने तर आफूले नदेखेको कारण उनी निराश भएका थिए। परमेश्वरको राज्यमा उनको मनस्थितिलाई ठाउँ थिएन। आफू नै नभएको बेलामा येशू अरू चेलाहरूकहाँ मात्र किन देखा पर्नुभयो होला भनेर उनी अचम्म मानिरहेको हुन सक्छ।

थोमाले ठोकुवा गरेर नै साथीहरूलाई सुनाए, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।" यूहन्ना २०:२५।

आफ्नो विश्वास केमा भरपर्छ भन्ने थोमाको मनस्थिति थियो। येशूमाथिको आस्था कुन अवस्थामा हुन्छ भन्ने विषय यूहन्नाले बारम्बार उल्लेख गरेका छन्। निकोदिमसले येशूलाई यसरी जवाफ दिएका थिए, "बुढो भएपछि पनि मानिस फेरि कसरी जन्मिनुपर्छ र?" यूहन्ना ३:४। इनारमा पानी लिन आउने स्त्रीले यो सुनाएकी थिइन्, "हजुर, तपाईंसँग पानी निकाल्ने भाँडो नै छैन। इनार गहिरो छ। त्यहाँबाट जीवित पानी तपाईंले कसरी निकाल्न सक्नुहुन्छ र?" यूहन्ना ४:११। रोटी र माछा ख्वाएर तृप्त भएका भिँडले येशूलाई त्यस अलौकिक कामको वास्ता नगरेर सोधे, "तपाईंले हामीलाई के चिन्ह दिनुहुन्छ?" यूहन्ना ६:३०।

देखेर मात्र विश्वास गर्नुपर्छ भन्ने धारणालाई यूहन्नाको सुसमाचारले सामना गरेको पाइन्छ। जब पुनरुत्थान भएपछि थोमाकहाँ येशू देखा पर्नुभयो तब आफूकहाँ आउनु, हेर्नु र पुनरुत्थान भएको शरीरलाई छुनु भनेर उनलाई अऱ्हाउनुभएको थियो। अनि शताव्दीयौं सम्म घन्किरहने "जसले मलाई नदेखे पनि विश्वास गर्नेहरू धन्य वा श्यावासका पात्रहरू हुन्," उहाँको आवाज उहाँले सुनाउनुभयो।

"हाम्रो आस्था वा विश्वासको आधारको निम्ति पर्याप्त प्रमाण हामीले नखुञ्जेल उहाँलाई विश्वास गर्नुपर्छ भनेर परमेश्वरले हामीलाई भन्नुभएको छैन। उहाँको अस्तित्व, उहाँको चरित्र वा स्वभाव, उहाँको वचनको सत्यवादीता सबैले हाम्रो दिमागमा उहाँको बारेमा तर्क गराउँछ। परमेश्वरको बारेमा प्रशस्त साक्षी छन्। तर मानिसले रोजेको शङ्का गर्ने सम्भाव्यतालाई परमेश्वरले हाम्रो दिमागबाट कहिल्यै पनि हटाउनुभएको छैन। देखाएको भरमा वा अरूले भन्यो भन्दैमा हाम्रो विश्वासको आधार हुनुहुन्न तर हामी आफैले परमेश्वरको वचन र अगुवाइको प्रमाणमा हाम्रो विश्वासको जग बसाल्नुपर्दछ।"–एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइष्ट,* पृ. १०५।

परमेश्वरको वचनबाट, उहाँको सृष्टि तथा प्राकृतिक सम्पदा र व्यक्तिगत अनुभवद्वारा येशूमाथिको विश्वासको निम्ति एथेष्ट प्रमाण हामीसँग छ। कतिपय समयमा त्यसलाई विश्वास पनि गर्न नसक्ने हुन्छ।

***यदि कसैले तपाईंलाई तपाईंले येशूलाई किन विश्वास गर्नुभयो भनेर सोध्छ भने त्यसको जवाफ तपाईंले के दिने?***

## ५. येशूको बारेमा हाम्रो आफ्नै गवाही

येशूको बारेमा साक्षी दिनेहरू यूहन्नाले बारम्बार प्रस्तुत गरेका छन। ती प्रस्तुत गरेको मुख्य समग्र कारण होः " ३० येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" यूहन्ना २०:३०-३१।

यदि हामी पनि येशूको सामु व्यक्तिगत रूपमा उपस्थित भएर उहाँले गर्नुभएक अनेकौं अलौकिक वा आश्चर्य कामहरू देख्यौं भने के हामी पनि उहाँलाई विश्वास गर्न पुग्दैनौं र? तर त्यो हामीले सोच्न चाहन्छौं। तर कतिपय अवस्थामा येशूलाई विश्वास गर्ने उहाँका अलौकिक कामहरूभन्दा बढी छन् जसले गर्दा उहाँलाई विश्वास गर्न सक्नेहुन्छौं।

*कसरी?*

**हामीसँग अहिले येशूलाई विश्वास गर्न के के प्रमाणहरू छन् जुन येशू संसारमा हुँदा थिएनन्? उदाहरणमा हेर्नुहोस्, " १ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, 'एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" मत्ती २४:१-२; "राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" मत्ती २४:१४ र " ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो।"मत्ती २४:४-८।**

यूहन्नाको सुसमाचारले प्रस्तुत गरेका येशूको बारेमा शक्तिशाली र प्रभावकारी विवरणहरू त हामीसँगै छ। तर त्यसको अलावामा येशू र बाइबलका लेखकहरूले भविष्यवाणीहरू पूरा भएको र भइरहेको हामीले देखेका छौं, जस्तै यरुशलेमको गौरवशाली भव्य मन्दिरको विनाश (मत्ती २४:२), द्रुत

गतिमा संसारमा सुसमाचार फैलिरहेको (मत्ती २४:१४), इसाई भनाउँदा महापुरुषको पतन (२ थेस्सोलिनिकी २:३) र यस संसार खराब तत्त्वहरूमा निरन्तर परिरहेको र विनाश भइरहेको आदि (मत्ती २४:६-८)। येशूका जीवन र सेवाकालभरि उहाँका अनुयायीहरू थोरै मात्र थिए त्यो पनि उत्पिडन र हैरानमा परेका थिए। मानवी स्तर अनुसार तिनीहरू इतिहासबाट लामो समय अघि नै बेपत्ता हुनुपर्ने थियो। अहिले हामीले जे देखिरहेकाछौं तिनीहरूले के देख्न सकेका थिए त? येशूको भविष्यवाणी पूरा भइरहेको र सारा संसारमा सुमाचार फैलिरहेको आधारमा हाम्रो विश्वासको जग बसालिएको छ।

आज करिब दुई हजार वर्ष पछि हामी येशूका भक्तहरू हौं भनेर दावी गर्नेहरूले पनि उहाँको गवाही हुनुसक्छौं र उहाँले हामीलाई के गर्नुभयो त्यसको साक्षी हामी वक्न सक्छौं। नाथानियल, निकोदिमस, सामरियाका स्त्रीको अनुभव र फरिसी वा यहूदी धर्मगुरुहरूको शिक्षाको आधारमा होइन येशू नै मसीह हुनुहुन्छ भनेर हामी आफै अनुभव गर्न सक्छौं। बाइबल पढेर र पवित्र आत्माको शक्तिले हामीलाई परिचित गराएर येशू ने संसारको मुक्तिदाता हुनुहुन्छ भनेर हामी स्वीकार गर्न सक्छौं।

फेरि, हामी प्रत्येकले आआफ्नै अनुभवमा परमेश्वरसँग भएको सम्बन्धको बारेमा अरूलाई कथा सुनाउन सक्छौं। हाम्रा कथाहरू नाटकिय नहोला जस्तै मरेको मानिस बिउँताइएको वा जन्मैदेखि अन्धो मानिस निको भएको। हामीले जान्नुपर्ने र अनुभव गर्नुपर्ने भनेकै येशू को हुनुहुन्छ भनेर व्यक्तिगत रूपमा अनुभव गर्ने। जसरी यूहन्नाले उल्लेख गरेका पात्रहरूले येशूको बारेमा गवाही दिएका थिए, त्यसरी नै हामीले पनि उहाँको बारेमा साक्षी दिन सक्छौं।

## उपसंहारः

**थप जानकारीः पाट्रियार्क एण्ड प्रोफेटसको पृ. १४५-१५५को "द टेस्ट अभ फेथ, र डिजाएर अभ एजेजको पृ. ७२३-७४०को "इन पाइलटस जजमेन्ट हल।"**

"येशूको चरणमा परेर थोमाले गहभरि आँशु गर्दै भने, "मेरा प्रभु र मेरा परमेश्वर।"

**"उनको स्वीकार येशूले ग्रहण गर्नुभएको थियो। तर तुरन्तै उनको सन्देह प्रति उहाँले सम्झाउनुभएको थियोः 'थोमा, तिमीले मलाई देखेकै कारण मलाई विश्वास गऱ्यौ। तर मलाई नदेखेर पनि विश्वास गर्नेहरू धन्य हुन्।'**

थोमाका साथीहरूको गवाहीलाई उनले विश्वास गरेको भए उनीदेखि येशू खुशी हुनेथिए। के संसारले थोमाको उदाहरणमा चल्ने हो त? यदि हो भने कसैले पनि मुक्तिको निम्ति विश्वास गर्ने थिएन। सबै जसले ख्रीष्टलाई ग्रहण गर्न चाहन्छ, तिनीहरूले अरूको गवाही सुनेर विश्वास गर्नुपर्छ।

"कतिले भन्छन् होला थोमाका साथीहरूको प्रमाण जस्तो तिनीहरूमा भएको भए तिनीहरूले पनि येशूलाई विश्वास गर्ने थिए। यी मानिसहरूले येशूप्रतिको शङ्कामा आफूलाई पारिरहेका हुन्छन्। येशूलाई विश्वास गर्न नचाहनेले त्यस्तो बहाना बनाउँछ। तिनीहरूको साथमा चेलाहरूले गरेका अनुभव मात्र होइन त्यो भन्दा बढि अनुभव तिनीहरूसँग छ। धेरै मानिसहरू थोमा जस्तै शङ्काका सबै कारणहरू हट्न पर्खिन्छन्। यस परिवेशमा तिनीहरूले के खोजिरहेकाछन् सो तिनीहरूले कहिल्यै पनि महसुस गरेका हुँदैनन्। बिस्तारै तिनीहरू शङ्काको घेरामा आफूलाई पारिरहेका हुन्छन्। तिनीहरू आफैलाई अन्धकारको पक्षमा उभ्याइरहेका हुन्छन्। तिनीहरू गुनासो गर्छन् र गनगनाउँछन्। तिनीहरूलाई के गर्ने सो थाहा हुँदैन। तिनीहरूले शङ्काको बिउलाई आफूभित्रै उमारिरहेका हुन्छन्। तिनीहरूले शङ्काको कटानी गर्नेछन्। जब विश्वास र भरोसाको अति आवश्यक हुन्छ त्यसबेला तिनीहरू परमेश्वरमा विश्वास गर्न र आशा राख्न निरिह वा शक्तिहिन हुन पुगेका हुन्छन्।" *द डिजाएर अभ एजेज,* पृ. ८०७,८०८।

**चिन्तनमनन:**

अ. अब्राहम र थोमासले व्यक्त गरेका विश्वासमा के फरक छ? ती कथाहरूबाट हामी के सिक्न सक्दछौं?

आ. येशूको निम्ति गवाही दिन चाहनेहरूको बिचमा छलफल गर्नुहोस्। विभिन्न मानिसहरूका गवाहीहरू फरक फरक नै होला, तर त्यही प्रभुको बारेमा गवाही दिइरहेको होइन र?

इ. पिलातसले अत्यन्तै तार्किक प्रश्न येशूलाई गरेका थिए, "सत्य के हो?" यूहन्नाको पुस्तकमा अध्ययन गरेको आधारमा त्यस प्रश्नको जवाफ दिनुहोस्।

ई. दानिएल २ र ७ का भविष्यवाणीहरू हेर्नुहोस्। येशूको समयमा ती भविष्यवाणीहरू भएतापनि तिनीहरू पूरा भइरहेको परिवेशमा परमेश्वरलाई विश्वास गर्ने आधार कस्तो हुनसक्छ?

# कथा ७

## पिन बेच्नेदेखि लिएर क्याम्पर हुने

जेकोब पियरका पूरै परिवार पिन अर्थात् बिल्ला बेच्नेमा प्रख्यात थिए। तिनीहरूलाई अमेरिकामा आयोजना गरिने इन्टरनेशनल पाथफाइन्डर क्याम्पोरीमा नयाँ पिन बनाउन अर्डर दिइयो। आमाले अलास्का पिन लगाएको मानिसलाई देखिन्। जाकोबले अलास्काको बारेमा मन पराएकोले त्यस मानिसलाई उनले लगाएको जस्तो पिन बनाउन अनुरोध गरिन्। "म बनाएर बेच्न सक्दिँन। यो अलास्काका पास्टरहरूले लगाउने पिन हो," त्यस मानिसले भने। "तपाईंले अलास्कामा के गर्नुहुन्छ?" आमाले सोधिन्। आफू अलास्का क्याम्पको निर्देशक टोबिन डज हुँ भनेर त्यस मानिसले आफ्नो चिनारी दिए। यो अलास्का कन्फरेन्सको सेभेन्थ-डे एडभेन्टिस्ट चर्चका मिसिनेरीहरूका निम्ति खडा गरिएको शिविरमा तालिम दिइन्छ। हरेक गृष्मकालिन छुट्टीमा ८देखि १७ वर्षका युवायुवातीहरूलाई त्यहाँ क्याम्पिङ्गमा सहभागी गराउँछन्।

"के मेरो छोरो पनि त्यहाँ काम गर्न सक्छ त?" आमाले सोधिन्। "हुन्छ, हामीले १६ वर्ष र १८ वर्षका युवायुवतीहरूलाई अगुवा तालिम दिन्छौं," उनले भने।

जेकोबलाई अलास्कामा गृष्म कालिन छुट्टीमा काम गर्ने अवधारणा मन पर्‍यो। त्यहाँ अरू कर्मचारीहरूसँग सामेल भयो र तिन वर्षसम्म उसले काम गर्‍यो।

क्याम्पको अनुभव चुनौतिपूर्ण छ जेकोबले भन्यो। एक फेरा अलास्काको आदिवासी केटासँग उसले क्याम्पमा समय बिताएकोले रमाइलो लागेको थियो। त्यो क्याम्प अलास्काको दक्षिणपश्चिम भागको आलेकन्जिक लेकनिर छ। तिनीहरू प्रकृतिको बारेमा पारस्परिक चासो राखे र जाकनाइफ भन्ने पहाडमा तिनीहरू चढे। त्यो पहाडको मुनि क्याम्प थियो। तर त्यो केटा केही हदमा बदमास थियो। उसको बोली छाडा थियो र ऊ बाइबलमा भन्दा अन्धविश्वासमा चासो राखेको थियो। जब जेकोबले एउटा माकुरालाई मार्‍यो तब पानी पर्न थालेको थियो। त्यस आदिवासी केटाले उसलाई भन्यो "तिमीले माकुरालाई मारेकोले पानी पर्‍यो।"

क्याम्पमा जेकोब दिक्क मान्न थाल्यो। क्याम्पको अन्तमा त्यस केटाले जेकोबलाई अङ्गालो मारे र आफ्नो बाबुकहाँ गयो। जब बाबु छोरा हिँड्दै थियो तब जेकोबलाई यो महसुस भयो कि ऊ राम्रो हुन थालेको थियो।

"धेरै जसो केटाकेटीहरूका इसाई पृष्ठभूमि छैन। तर मेरो लागि साँच्चिकै चुनौतिपूर्ण छ र मिसन क्षेत्रमा काम गर्नु अचम्मै हुन्छ। २० वर्षको याकुबले बतायो।

क्याम्प पोलारिसमा हुने आत्मिक सङ्घर्ष अरू क्याम्पहरूमा भन्दा भिन्न छ उसले भन्यो। किनभने यसमा प्रायजसो अलास्काका आदिवासी केटाकेटीहरू हुन्छन्। तिनीहरूका जीवन प्रायजसो बिचल्ली हुन्छन्, तिनीहरू अन्धविश्वासमा लागेका हुन्छन् र लागु पदार्थ कुलतमा लागेका हुन्छन्।

"तर त्यस क्याम्पमा हुनु रमाइलो नै छ। त्यहाँ दिन दिनै युवायुवतीहरूका चरित्रहरू निर्माण भइरहेको मैले देखेको छु। त्यहाँ परमेश्वरलाई स्वयंसेवकहरूको खाँचो छ। यो मिसन क्षेत्र हो," उसले बतायो।